# बैठक नं.९१

आज मिति २०७७ चैत्र ३० गते विहान ७:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

यस कीर्तिपुर नगरपालिका, वडा नं -७ का वडा अध्यक्ष श्री राजकुमार मालीज्यूको मिति २०७७ साल चैत्र २९ गते आईतबारका दिन उपचारका क्रममा अल्पायुमै असमायिक निधन भएकोले उहाँको उपचारको क्रममा बयोधा अस्पतालमा भएको सम्पूर्ण उपचार खर्च नगरपालिकाले नै बेहोर्ने तथा किरिया खर्च स्वरुप स्व. मालीको परिवारलाई थप रु.१,००,०००।- (अक्षरुपी रु. एक लाख मात्र) सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.२

यस कीर्तिपुर नगरपालिका, वडा नं -७ का वडा अध्यक्ष श्री राजकुमार मालीज्यूको मिति २०७७ साल चैत्र २९ गते आईतबारका दिन उपचारका क्रममा अल्पायुमै असमायिक निधन भएको र उहाँको परिवारलाई सहयोगार्थ सम्पूर्ण कार्यपालिका सदस्यहरुको एक महिनाको सम्पूर्ण सेवा सुविधा वापतको रकम सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.३

यस कीर्तिपुर नगरपालिका, वडा नं -७ भाजंगलमा नव-निर्मित पार्कको नामकरण स्वर्गीय राजकुमार मालीको सम्झनामा " राजकुमार माली स्मृति पार्क" नामकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.४

यस कीर्तिपुर नगरपालिका, वडा नं-७ का वडा अध्यक्ष श्री राजकुमार मालीज्यूको अल्पायुमै असमायिक निधन भएको हुदाँ दिवंगत प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा नगरपालिकाको तर्फबाट हार्दिक समवेदना प्रकट गर्दै उहाँको निधनको शोक व्यक्त गर्नका लागि मिति २०७७ चैत्र ३० गते सोमबारका दिन कीर्तिपुर नगरपालिका र अन्तर्गतका सबै कार्यालयहरुको सेवा बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

यस कीर्तिपुर नगरपालिकामा मेलम्ची खानेपानी आयोजनाको पानीले केही क्षेत्र ओगट्ने र व्यवस्थापन पनि सिमित क्षेत्रमा मात्र भएकाले नगरपालिकाभरी एकीकृत रुपमा खानेपानी र ढल व्यवस्थापन आयोजना लागु गर्नका लागि एसियाली विकास बैंकको प्रावधान अनुसार योगदान गर्न नगरपालिकाको प्रतिवद्धता सहित एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पानी पोखरीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

यस नगरपालिकाको वडा नं. ४ चम्पादेवी स्थित राष्ट्रिय सांस्कृतिक संग्राहालय (साविक जातिय संग्राहालय) क्षेत्रमा सडक निर्माण सुधार र कम्पाउण्ड, पर्खाल निर्माणका लागि आ.व. २०७७/०७८ मा रु. १,००,००,०००/- ( अक्षेररुपी रु. एक करोड मात्र) विनियोजन गरी सहयोग गरिदिनका लागि श्री पुरातत्त्व विभागमा लागत अनुमति सहित अनुरोध गर्ने निर्णय गरीयो ।